# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



छैठौं संघनायक दिवंगत भिक्षु अश्वघोष महास्थविर



धर्मकीर्ति विहारका सह-संस्थापिका
दिवंगत दो गुणवती गुरुमां (वर्मी)

वर्ष: ४०, अङ्क: १३
बु.सं. २५६६, ल्हुति पुन्हि

# धर्मकीर्ति विहारय् न्हिच्छियंकं प्रव्रजित गुरुमांपिंपाखें महापरित्राण पाठया तस्विर



धर्मदेशना गर्नुहुँदै भिक्षुणी धम्मवती गुरुमां



सरणागमन - मेत्तसुत्त पाठ गर्नुहुँदै गुरुमांहरू
केशावती र शुभवती



महाकस्सपत्थेर बोज्झङ्ग सुत्त-महाचुन्दत्थेर सुत्त
पाठ गर्नुहुँदै गुरुमांहरू पञ्ञावती र त्यागवती



गिरिमानन्द सुत्त - इसिगिली सुत्त पाठ गर्नुहुँदै
गुरुमांहरू सुनन्दावती र वीर्यवती



धम्मचक्कप्पवत्तन सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू
वीर्यवती र प्रीतिवती



महासमय सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू
धम्मविजया र सुमना



आलवक सुत्त - कसिभारद्वाज सुत्त पाठ गर्नुहुँदै
गुरुमांहरू सुनन्दावती र प्रीतिवती



पराभव सुत्त - वसल सुत्त पाठ गर्नुहुँदै
गुरुमांहरू अमता र क्षान्तिवती



सच्चविभंग सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू
श्रद्धावती र श्रद्धागौतमी



आटानाटिय सुत्त 'क' पाठ गर्नुहुँदै
गुरुमांहरू दानवती र मेत्तावती



आटानाटिय सुत्त 'ख' पाठ गर्नुहुँदै करुणावती,
ध्यानवती, वण्णवती र सुवण्णवती



पाठ आयोजक परिवार धम्मवती गुरुमांका साथ

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरु*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६६

नेपाल सम्बत् ११४२

इस्वी सम्बत् २०२३

बिक्रम सम्बत् २०७९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |



# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**6th APRIL 2023**

| वर्ष- ४० | अङ्क- १३ | ल्हुति पुन्हि | चैत्र २०७९ |
|---|---|---|---|





**नतं कम्मं कतं साधु - यं कत्वा अनुतप्पति**
**यस्स अस्सुमुखो रोदं - विपाकं पटिसेवति**

**गुकीया कर्म-फल भोग याय् मालीगु बखते ताप कया: मिखाय् जाय्क ख्वबि तया: ख्वयाच्वने माली, अज्या:गु कार्य मयाय्गु असल ।**

**जुन कामको फल भोग्दा आँसु बहाएर पछुतो गर्नुपर्ने हुन्छ, त्यस्तो काम सज्जनले नगर्नु नै वेश ।**

That deed is not well done of which a man must repent and the result of which he receives crying and with a tearful face.

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | ज्ञानको भण्डार | – प्रेमलक्ष्मी तुलाधर | २ |
| ३) | सम्पादकीय – बुद्ध शासनका दुई पांग्राहरू | – | ३ |
| ४) | ज्वः मदुम्ह पासा गुणवती गुरुमां | – भिक्षुणी धम्मवती | ४ |
| ५) | फो गुआङ शानका संस्थापक श्रद्धेय धर्म गुरु सिङ्ग युनको ९७ वर्षको उमेरमा देहावसान-२ | – देवकाजी शाक्य | ७ |
| ६) | कर्म र कर्मफलमा विश्वास हुनु नै वास्तविक धर्म | – शिशिल चित्रकार | ८ |
| ७) | क्षमा याचना विधि | – प्रकाश सायमी | १० |
| ८) | सिद्धान्त र दर्शनको कुरामा भन्दा पनि ब्यवहारमा जोडदिने अश्वघोष भन्ते | – डि.आर. शाक्य 'ऋषि' | १२ |
| ९) | ग्वाहालि | – भरतराज चित्रकार | १५ |
| १०) | धर्म प्रचार समाचारहरू | – | १५ |


# ज्ञानको भण्डार

✍ प्रेमलक्ष्मी तुलाधर

ङत

निश्चलता छ अश्वघोष भन्तेमा
तर ज्ञानको भण्डार लुकेको छ उहाँमा
बोल्ने तरिकामा मिठास छ
कान, मनलाई आनन्द तुल्याउने शक्ति छ
सुनिरहुँ जस्तो लाग्छ ओवाद
मन विभोर गर्ने तरिका छ भन्तेमा
ठूलो विशेषताले भरिएको छ बोलीमा
स्वच्छ मन, निस्वार्थभाव विशेष गुणले युक्त गुरु हो उहाँ
बुद्ध ज्ञान सिकोस् आफ्नो जीवनमा उतारोस्
विद्वान् होइन ज्ञानी मानिस बनोस् भन्ने चाहना छ उहाँमा
फलयुक्त हुन्छ ज्ञानी मानिस झुकिएको रुख जस्तै जहिले पनि
अरू भन्तेहरू भन्दा फरक विचार धारा भएको उहाँ
तर, सरल, नरम सबैले बुझ्ने किसिमले उपदेश दिनुहुने भन्ते
झोकिने बानी त छ उहाँ भन्तेमा
तर नरमताले भरिएको स्वभाव लुकेको छ उहाँमा
त्यो नै विशेष गुणले भरिएको छ भन्तेमा
त्यसैले गुणिलो भन्ते भन्न सुहाउँछ उहाँलाई

## धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू

क्र.सं. १३८

**रविन्द्र, कल्पना ताम्राकार**
ताहाचल, काठमाडौं
रु. २०००/-

क्र.सं. १३९

**महेश्वर लाल श्रेष्ठ**
जयबागेश्वरी, काठमाडौं
रु. २०५०/-

क्र.सं. १४०

**कृष्ण श्रेष्ठ**
जयबागेश्वरी, काठमाडौं
रु. २०५०/-

क्र.सं. १४१

**कमल नयन प्रधान**
धोबीघाट, ललितपुर
रु. २०००/-

क्र.सं. १४२

**मलिना ताम्राकार**
झम्सिखेल, ललितपुर
रु. २०००/-

## ▪ सम्पादकीय ▪

# बुद्ध शासनका दुई पांग्राहरू

भगवान् बुद्धले बुद्ध शासन रूपी रथका ४ वटा पांग्राहरू भिक्षु, भिक्षुणी, उपासक र उपासिकालाई लिनु भएको छ। हामी माझ प्रथम पांग्राको रूपमा रहनुभएका भिक्षु अश्वघोष महास्थविर आज हामी सामु रहनु भएन। त्यसरी नै दोस्रो पांग्राको रूपमा परिचय दिन सफल भिक्षुणी दो गुणवती गुरुमां पनि आज हामी माझ हुनुहुन्न। ४ वर्ष पहिले नै उहाँहरूले संसारको अनित्यता स्वभावलाई प्रस्तुत गर्दै जानुभयो। तर उहाँहरूले छोडेर जानुभएको अमूल्य कीर्तिहरू भने आजसम्म पनि ताजा रूपमा हामी माझ चम्किरहका छन्।

श्रद्धेय भिक्षु अश्वघोषले ७४ वर्षसम्म बुद्ध शासनमा समर्पित रहनुभई युवा वर्गका लागि प्रेरणाको स्रोत बन्नुभयो, बौद्ध जागरण शिविर सञ्चालनार्थ जनजातीहरूलाई बुद्ध शिक्षा सिकाउनु भयो। भक्ति मार्गलाई भन्दा बुद्ध शिक्षा व्यबहारमा उत्तार्ने कार्यलाई महत्व दिनुभई फरक तरिकाले धर्म प्रचार गरी जनमानसमा फरक तरिकाले आफूलाई चिनाउन सफल हुनुभयो। व्यवहारिक बुद्ध शिक्षा सम्बन्धी सयौं पुस्तकहरू लेखी ती मध्ये कतिपय पुस्तक त आफ्नै लगानीमा छापी धर्मदान गर्दै धर्मप्रचार कार्यमा अगाडि बढ्नुभएको आदर्शलाई हामीले सम्झिरहेका छौं।

तत्कालिन श्री ५ को सरकारले उहाँको आदर्शमय योगदानलाई दृष्टिराखी उहाँलाई "**प्रवल गोरखा दक्षिण बाहु तृतीय श्रेणी २०५१**" बाट विभूषित गरियो।

यसरी नै बुद्ध शिक्षा प्रचार कार्य प्रति उहाँको अथक योगदानलाई कदर गरी म्यानमार सरकारको धार्मिक मन्त्रालयले सन् २००० मार्च १९ का दिन उहाँलाई "**अग्ग महा सद्धम्म जोतिक धज**" उपाधिबाट विभूषित गरियो। अखिल नेपाल भिक्षु महासंघ अन्तरगतको छैठौं संघ महानायकको पदमा ७ वर्ष भन्दा बढी अवधिसम्म रहनुभई बुद्ध शासनको धर्मप्रचार कार्यमा टेवा दिनुहुँदै, धर्मकीर्ति पत्रिकाका प्रधान सम्पादक भिक्षु अश्वघोष महास्थविर २०७५ चैत्र २२ गते, शुक्रवार दिवंगत हुनुभयो। धर्मप्रचार कार्यमा उहाँले पुऱ्याउनु भएको अमूल्य योगदानलाई कदर गरी चैत्र २४ गते, आइतवार उहाँको पार्थिव शरीरलाई कर्णदीप चिहानमा नेपाल सरकारले राजकीय सम्मानका साथ नेपाली सेनाको टुकडीले सलामी अर्पण गरी अन्त्येष्ठी गरियो।

यसरी नै बुद्ध शासनरूपी रथको २ नम्बरको पांग्रा भिक्षुणी दो गुणवती गुरुमां (बर्मी) श्रद्धेय धम्मवती गुरुमांलाई नेपालमा बुद्ध शिक्षा प्रचार कार्यमा सहयोग पुऱ्याउन वि.सं. २०२० सालमा नेपाल आउनु भएको थियो। बर्मामा शासन धज धम्माचरिय, अग्गमहागन्थवाचक पण्डित उपाधि हासिल गर्न सफल दो गुणवती गुरुमांले नेपाल प्रवेश गरी वि.सं. २०२५ सालमा नेपाल भाषाबाट **"वासेट्ठी थेरी"** नामक पुस्तक लेखेर प्रकाशन गर्नुभयो। उहाँलाई नेपालभाषा सिकाउने गुरु हुनुहुन्थ्यो– कवि केशरी चित्तधर हृदय। यसरी उहाँ नेपालभाषाबाट पुस्तक कोर्ने पहिलो विदेशी हुनुभयो। उहाँले वि.सं. २०४४ सालमा फेरि "**नेपालय् २५ दँ जिगु लुमन्ति**" (नेपालमा २५ वर्ष मेरो सम्झना) नामक पुस्तक पनि लेख्नुभयो। यस पुस्तकमा उहाँले सहसंस्थापिकाको भूमिका निभाउनुभई स्थापना गर्नुभएको धर्मकीर्ति विहार र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कृयाकलाप र गतिविधि बारे वृत्तान्त र उहाँको अनुभव समावेश गर्नुभएको छ।

खाना र बासको समेत राम्रो व्यवस्था नभएको अवस्थामा दुःख झेली धर्मप्रचारको लक्ष्यलाई अगाडि सारी नेपालका लागि म्यानमारबाट आउनुभएकी दो गुणवती गुरुमां ३५ वर्षसम्म नेपालमा रहनुभयो। आफ्नो परिशुद्ध चित्तको कारणले नेपाली माया पाउन सफल भई बुद्ध शासन चिरस्थायी गर्न अमूल्य योगदान पुऱ्याउनु भयो।

बहुश्रुतकी धनी दो गुणवती गुरुमांले नेपालीहरूलाई धर्मदेशनाको माध्यमबाट भन्दा पनि धर्मानुकूलको राम्रो बानी व्यवहार प्रयोग गर्नुहुँदै बुद्ध शिक्षा सिकाउनु भएको देखिन्छ। अरूको दोष भन्दा अलिकति भएपनि गुण पत्ता लगाउने बानी भएकी गुणवती गुरुमां सबैसंग मित्रता गाँसी मेलमिलाप पूर्वक रहन शिपालु हुनुहुन्छ। शान्त स्वभावकी उहाँ गुरुमां समूहमा रहनुहुँदा बुद्ध शिक्षा "**सुखा संघस्स सामग्गी समग्गानं तपो सुखो**" अर्थात् समूहमा रहँदा एक आपसमा मिलिजुली बस्न सक्नु नै स्वर्गस्वरूपको सुख हो लाई जीवनमा प्रयोग गर्न सक्षम हुनुहुन्थ्यो। त्यसैले दो दुणवती गुरुमांलाई एक पटकमात्र भेटेका जो कोही व्यक्तिले पनि उहाँको महत्व र आदर्शलाई बिर्सन सक्दैनथे।

उहाँले हामीलाई छोडेर जानुभएपनि उहाँको राम्रो बानी व्यवहार, सुकीर्ति र आदर्शलाई आजसम्म पनि सबैले झल्झली सम्झिरहेका छन्।

त्यसैले भनिन्छ– "**रूपं जीरति मच्चानं नाम गोत्तं नजीरति**" अर्थात् भौतिक शरीर नासिए पनि हाम्रा राम्रा एवं असल कीर्तिहरू नासिंदैनन्, अमर रहन्छन्।

यसरी बुद्ध शासनका दुई पांग्राहरूको रूपमा रहनुभएका भिक्षु अश्वघोष एवं भिक्षुणी दो गुणवती गुरुमांको अनन्त गुण स्मरण गरी उहाँहरू दुवैको सुगति सहित निर्वाण हेतुको कामना गरी पुण्यानुमोदन गर्नु हामी सबैको कर्त्तव्य हुनेछ। भवतु सब्ब मंगलम्।



# ज्वः मदुम्ह पासा गुणवती गुरुमां

✍ **भिक्षुणी धम्मवती**
सासनधज धम्माचरिय, अग्गमहागन्थवाचक पण्डित

भगवान बुद्धया शिक्षा अध्ययन यायेगु लागि जि वि.सं २००६ सालय् बर्माय् वनेत छ्यँ तोताः न्हापां कुशिनगर वना । अन हे प्रव्रजित जुया । अबले जि भिंप्यदँ दत । तर पासपोर्ट काये मफुगु कारणं जंगल-जंगलं न्यासि हे वनाः बर्माय् थ्यंकःवने माल । बर्माय् १४ दँ तक च्वनाः बुद्धशिक्षा सयेका । ब्वने क्वचायेकाः नेपाः देय् लिहाँ वयाः बुद्ध शिक्षा थन नं प्रचार यायेगु जिगु लक्ष्य खः । तर लिहां वयाः थुगु ज्या याकःचां यायेत जिके आंट मदु । छाय्धाःसां थौं स्वयाः ५० दँ न्ह्यःया नेपाःया समाज रूढीवादी व अन्धविश्वासी परम्पराय् दुनाच्वंगु जूगुलिं नेपाःया जनताया लागि बुद्धशिक्षा स्यनेगु ज्या अःपु मताया । आखः ब्वनेबले थुगु विषयलय् जिमि पासापिनि पुचलय् नं थथे खँ ज्वीगु ।

"नेपालय् मिसातयत तसकं कोथुनातःगु दु । अन मिसातय्त आखः ब्वंकेगु चलन मदु । मिसातसें आखः ब्वनकि इमिगु चरित्र भ्रष्ट ज्वीयः धकाः आखः ब्वंकी मखु । मिसात मिजंतय्गु अधिनय् च्वनेमाः । न्हापा न्हापा ला मिसाया भाःत सितकि सती छ्वयेगु धकाः सीम्ह भाःत नापं हे इमित म्वाःम्वाकं उना छ्वयेगु चलन दु ... आदि आदि ।"

थ्व खँ न्यनाः बर्मी पासापिसं जित सहानुभूति प्वंकीगु । गुम्हेसियां ला गिजे नं याइगु । "छिमि देशयापिं मनूत ला मिथ्यादृष्टिपिं का । अन ला याकनं हे बुद्धशिक्षा प्रचार याये मालका । छं आँट मदुसा जिपिं नं वयाबी" धाइगु । तर म्हुतुं धाःसां मनंनिसें धाःपिं उलि मदु । उगु



*धर्मकीर्ति विहारका सहसंस्थापिकाद्वय दो गुणवती गुरुमां, रत्नमञ्जरी गुरुमां एवं संस्थापिका धम्मवती गुरुमां*



*धर्मकीर्ति विहारया छगू ज्याभ्वले उपासिकायात पुरस्कार प्रदान याना विज्यास्य दो गुणवती गुरुमां*

हे पुचलय् दुनुगलंनिसें जितः सहानुभूति प्वंकाः ग्वाहालि याना बिज्याःम्ह बर्मी पासा दो गुणवती गुरुमां छम्ह हे जक खना। वसपोलयाके पवित्रगु मैत्री, करूणा, सहनशीलता व न्ह्याम्हनापं नं मिले जुयाच्वनेफुगु मिलनसार बानी नं जिं खना। उकें जिं वसपोलयात हे क्वातुक ज्वनाः "नेपालय् बुद्ध शिक्षा प्रचार याःवनेगु लागि छःपिं छम्ह जिनाप नेपालय् बिज्याहुँ" धकाः बरोबर अनुरोध याना। थ्व खँ न्यनाः दो गुणवती गुरुमांया नेपाःमिपिनि उपर दया वनीगु जुयाच्वन। उकें हे ज्वी वसपोलं "नेपाले न्ह्यागु दुःख सहःयानानं धर्मप्रचार ज्याय् जिं फुगु ग्वाहालि याये" धकाः वचन बिया बिज्यात।

दो गुणवती गुरुमांया मैत्री, करूणा, सहयोगी व मिलनसार बानीया नापनापं लेख च्वयेगु बानी नं दु। वसपोलं जिके न्यना न्यनाः जिगु यथार्थ जीवनी च्वयेगु याना बिज्यात। धम्माचरिय परीक्षा पास जूपिं सकल बिद्यार्थीपिनि जीवनी नं पेश यायेमाःगु नियम हे दु बर्माय्। उकें धम्माचरिय परीक्षा पास जूपिं सकल विद्यार्थीपिनि जीवनी धम्माचरिय ब्वंकाबिज्याइम्ह पूज्य गुरू उ सूर्याभिवंशं च्वयाबिज्याइगु खः। वसपोलं जिगु जीवनी च्वयाबिज्याये न्ह्यः दो गुणवती गुरुमां नं जिगु जीवनी च्वयाः गुरू उ सूर्याभिवंशयात लःल्हाना बिज्यात। थुकियात वसपोल गुरूं "नेपाःयाम्ह मय्जु" धकाः नां तयाः जिगु जीवनीयात मिले यानाबिज्यात। वहे जीवनीयात बर्मी भन्ते र वे थ्वं नं बर्मी भाषं "तमी छेत" अर्थात "यःम्ह म्ह्याय्" या नामं उपन्यास च्वया बिज्यात। बर्मी भाषं प्रकाशित जूगु उगु उपन्यास "तमी छेत" यात पूज्य ज्ञानपूर्णिक भन्तेनं नेवाः भाषं रूपान्तर यानाः "योम्ह म्ह्याय्" नां बिया बिज्यात। "यःम्ह म्ह्याय्" उपन्यासयात जिमि किजा मोतिकाजी शाक्यं "स्नेही छोरी" नां बिया : नेपाली भाषं रूपान्तर यानाबिल।

नेपालय् धर्मप्रचार याःवनेगु लागि जितः साथ बिया बिज्याहुँ धकाः यानागु जिगु अनुरोधयात सहर्ष स्वीकार याना बिज्याःम्ह दो गुणवती गुरुमां स्वयाः दच्छि न्हापा हे जि धम्माचरिय पास जुल। दो गुणवती गुरुमां जि स्वयाः दच्छि लिपा जक पास जुल। अथे जूगुलिं जि वसपोलयात नापं नेपालय् ब्वनाहयेत दच्छि तक बर्माय् च्वनाः पियाच्वना। तर दच्छि लिपा वसपोलयात ब्वनाः नेपाल लिहाँ वयाबलय् उगु दच्छिया दुने जिमि बाः परलोक ज्वी धुकंल। अथे जूगुलिं जिं बाःयात नापलाये मखन।

नेपालय् लिहाँ वयाबलय् थन जिमिगु विहार मदुनिगुलिं जिपिं खुलातक यलय् जिमिगु छ्यँय् हे च्वना। खुला लिपा सुमंगल भन्तेयात जापानय् ब्वंवनेगु स्कलरशीप वःगुलिं वसपोलं गणविहारय् ब्वंकातःपिं विद्यार्थी मचातय्त आखःब्वंकाब्यु धकाः जिमित जिम्मेवारी लःल्हाना विदेश बिज्यात। इपिं मचातय्त आखः ब्वंकेगु लागि जिपिं येँय् च्वंवये माल। उकें जिपिं येँय् ज्याःबहालय् ज्ञानमान गुर्जुयाथाय् च्वंवया।

अबलय् नेपालय् भन्ते गुरुमांपिन्त दान बीसःपिं आपाः मदु। उकें दानया भरय् म्वाये माःपिं जिमि बांलाक नये तकनं मखं। उगु इलय् सुख सुविधा सम्पन्नगु बर्मा देशं बिज्याःम्ह दो गुणवती गुरुमांनं नेपालया विपन्न व दरिद्र अवस्थायात नं न्हिलाः न्हिलाः स्वीकार याना विज्यात। नयेत आहार मदु, च्वनेत गतिलाःगु बास मदुगु उगु अवस्थाय् नं वसपोलं थःगु मनयात स्यंका बिमज्याः। दृढ चित्तं धर्मप्रचार ज्याय् न्ह्यब्वाना बिज्यात। उलिजक मखु अबले जात पात व चिप निपया कट्टरपिं नेवाःतय् पुचलय् जिपिं गनं भोजन वन धाःसा जिमिसं नयागु चिप काःवये छ्वाःपिं कम हे। उलिजक

मखु दो गुणवती गुरुमांया मां देय् बर्माय् चिप धयागु छु धयागु अर्थ हे मस्यू । थन चिप निपया दुग्यःगु हिसाब दुगु देशय् वसपोलयात चिप निपया अर्थ थ्वीकेत व उकिं बचय् जुयाच्वनेत तसकं थाकुल । अथेसां वसपोल न्ह्यागु प्रतिकूल अवस्थायात नं सहर्ष स्वीकार यानाः न्हिला न्हिलाः सकसितं मैत्रीपूर्वक व्यवहार याना हे च्वनाबिज्यात ।

ज्याःबहालय् जिपिं न्याला खुला च्वना । वयां लिपा दाता चतुरत्न शाक्यं कोंशाबहालय् विहार दयेकाः च्वनाबिज्याहुँ धकाः अनया थाय् बिया बिज्यात । तर अबलय् मणिहर्ष साहुया श्रीमती केशरी पीत, किजाभौ दानलक्ष्मी पीत व ततापिंस क्वःने थ्यंक च्वना बिज्यायेमते, श्रीघःलय् जग्गा छकू न्यानाः च्वना बिज्याःसा ज्यू धकाः यक्को अनुरोध याना द्यूगुलिं जिमि बाःनं ब्यूगु स्वदो दामं श्रीघःलय् जग्गा छकू न्याना । उगु जग्गाय् विहार दनाच्वंत्तले जनबहाःया तःखाछ्यँय् च्वंम्ह दानलक्ष्मी पीतया छ्यँय् च्वना । उगु अवस्थाय् दानपीत, केशरी पीत व लक्ष्मीप्रभा साहुनी आदि दातापिसं यक्को ग्वाहालि यानादिल । वया लिपा दाता हेराकाजी दाई व आशामाया साहुनीपिंस यानादीगु ग्वाहालियात नं लोमंके फैमखु ।



*धर्मकीर्ति विहारय् छगू ज्याभ्वले मन्तव्य व्यक्त यानाबिज्यास्य दो गुणवती गुरुमां*

थुगु अवधिया दुने जिमिसं थाय्थासय् धर्मदेशना यायेगु, आखः ब्वंकेगु व परित्राण पाठ यायेगु आदिया माध्यमं धर्मप्रचार ज्या न्ह्याकाच्वना । धर्मकीर्ति विहार भवन निर्माण जुयाच्वंगु अवधिया दुने साढे दुइ महिनाया लागि न्हापां भारतय् तीर्थयात्रा ज्याभ्वः न्यायेका । वया लिपा वि.सं. २०२२ सालया बैशाख पुन्हि न्ह्यःया अष्टमी खुन्हु धर्मकीर्ति विहारया उद्घाटन जूगु खः ।

थुकथं नेपालय् वयाः धर्मप्रचार ज्याय् दो गुणवती गुरुमांनं ३५ दँ निरन्तर रूपं ग्वाहालि यानाबिज्यात । न्हापांला दो गुणवती गुरुमां, रत्न मञ्जरी गुरुमां व जि (धम्मवती गुरुमां) स्वम्ह जानाः धर्म प्रचार ज्याभ्वः न्ह्याकाच्वनागु खः । अनं लिपा चमेली व कमला अनागारिकापिं नं धर्मकीर्ति विहारय् च्वन । कथहनं धर्मकीर्ति विहारय् च्वनीपिं गुरुमांपिनिगु संख्या वृद्धि जुयावन । विहारया ज्या यायेगु ख्यः तफांत जूलिसे थुकिया कचामचात नं यक्को दयावल ।

दो गुणवती गुरुमां लिपा बर्माय् लिहाँ बिज्याये धुंकाः नं इलय्ब्यलय् वसपोलं नेपालय् बिज्यानाः धर्मप्रचार ज्याय् ग्वाहालि याना हे च्वनाबिज्याःगु दु । वसपोल थौंकन्हे ९० वर्षया ज्याथी जुयाबिज्याये धुंकगु दु । अथेसां वसपोलं नेपालयात मैत्रीपूर्वक लुमंका च्वनाबिज्याःगु दु । धर्मकीर्ति विहार थौंया स्थितिइ थ्यंकेफुगु मूल कारण हे वसपोल गुरुमांया निस्वार्थपूर्ण योगदानं खः । उकें धर्मकीर्ति विहारया दुजःपिं लगायत सकल उपासक उपासिकापिसं वसपोलया अमूल्य योगदानयात लुमंकाः गुरुमांया सुस्वास्थ्य व मंगलकामना यायेमाः । थ्व भ्री सकसियागु नं कर्त्तव्य खः । छाय्धाःसा मंगल सूत्रय् भगवान बुद्धं धयाबिज्याःगु दु ।

**"कतञ्ञुता च एतं मंगल मुत्तमं"**

अर्थात् गुण यानातःपिनिगु कृतज्ञ गुणयात म्हसीकेगु ज्या नं मंगल ज्या खः । उकें थुगु मंगल ज्या सुनां यायेफै, वयागु जीवनय् मंगल हे ज्वी । भ्री सकसिनं थुगु मंगल ज्या निरन्तर याना च्वने फयेमा ।

॥ भवतु सब्ब मंगलं ॥

*( मेरिट टाइम्समा प्रकाशित )*

# फो गुआङ शानका संस्थापक श्रद्धेय धर्म गुरु सिङ्ग युनको ९७ वर्षको उमेरमा देहावसान–२



अनुवादक- **देवकाजी शाक्य**

विश्व कल्याणको लागि अन्तर्राष्ट्रिय एक देशको अर्को देश संगको सद्भावना सम्बन्धको यो जमघट थियो । आफ्नो जीवनकालमा श्रद्धेय धर्म गुरु सिङ्ग युनले विश्वका धेरै नेतृत्व तहमा रहेका व्यक्तित्वहरू संग भेटघाट गर्दै सुमधुर सम्बन्ध स्थापना गनु भएको थियो । उनीहरू मध्ये थाइल्याण्डको नरेश भूमिबोल, भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू, संयुक्त राज्य अमेरिकाको उपराष्ट्रपति अलगोर, मलेशियाका धेरै प्रधानमन्त्रीहरू, चीनका नेताहरू थाङ साङकुन, जियान भ्रेमिङ, हु जिनटाओ र सि जिन पिङ, सिङ्गापुरका प्रधानमन्त्रीहरू लि कुआन यु, लि सियेन लुङ, अष्ट्रेलियाका प्रधानमन्त्री टोनी अवोट र दक्षिण एशिया क्षेत्रका राष्ट्रहरूका नेताहरूका साथै ताइवानका पूर्व राष्ट्रपतिहरू जसमा चियाृ चिङकुओ, चेन सुइ वियन, मा यिङ - जेउ र साइ इङ वेन पर्दछन् । राजनीतिक नेताहरू बाहेक विश्वका धार्मिक व्यक्तित्वहरू जस्तो विश्व बौद्ध संस्थाको अध्यक्ष राजकुमारी पुन पिस्माई दिस्कुल, पोप जोन पल २ र पोप वेनडिक्ट १६ औं संग पनि उहाँले धर्म आदान प्रदान, छलफल, विचार विमर्श गर्नु भएको थियो ।

विश्व शान्ति र सद्भावको लागि Venerable Master Hsig Yun ले सांस्कृतिक शिक्षालाई बढावा दिन प्रयत्न गर्नु भएको थियो । हालका वर्षहरूमा पनि उल्लेख्य प्रयास गर्नु भएको थियो । आफ्नो पुर्खौली प्राचीन मन्दिर इसिङ फो डा जु मन्दिरको जीर्णोद्वार र पुनः निर्माण पनि उहाँले गर्नु भयो । विविध सांस्कृतिक र शैक्षिक महत्वका संस्थाहरू पनि उहाँले स्थापना गर्नु भयो जस्तो चिनिया एकेडेमि, म्युजियम, याङभ्रफोउ जियाफेन पुस्तकालय, नान्जीङ विश्वविद्यालयमा बुद्ध ज्योति भवन,सिङ्ग युन सांस्कृतिक र शैक्षिक प्रतिष्ठान र नान्जीङ टियनलोङ मन्दिरलाई पनि जीर्णोद्वारा गर्नु भयो

यी सबै कुराहरू श्रद्धेय धर्म गुरुको सबैको अफ्त बढी राम्रो र उत्कृष्ट विश्व स्थापना गर्ने अटुट प्रतिबद्धताको प्रतीक बनेका छन । श्रद्धेय भिक्षु मास्टर सिङ्ग युन बुद्ध शिक्षाको ज्वलन्त उदाहरण बन्नु भयो । आफ्नो सम्पूर्ण जीवनलाई अनगिन्ति सर्वसाधारण जनताको सेवामा उहाँले समर्पण गर्नु भयो । संसारको कुना कुनामा बौद्धहरूलाई उहाँले दिशा निर्देशन प्रदान गर्नु भयो र सबैमा आशाको सञ्चार गर्नु भयो । उहाँ दिवंगत हुनु भयो तर उहाँका उपलब्धिहरूले संसारमा अमिट छाप छोडे । भविष्यको पुस्ताको लागि उहाँ निरन्तर रुपमा प्रेरणाको स्रोत बनिरहनु हुनेछ । उहाँको विरासत जीवन्त रहनेछ । उहाँको मानवीय बुद्ध धर्मको व्यापकताको लागि अटल प्रतिबद्धता र प्राणी मात्रको लागि कल्याण गर्ने भावना सदा सर्वदा सम्झनामा रहि रहनेछ । सम्पूर्ण बौद्ध समुदायको तर्फबाट हामी बडा आदर गौरबपूर्वक हृदयदेखि पूज्य धर्म गुरु सिङ्ग युन को सिघ्राति सित्र अत्यन्त पवित्र पुनर्जन्मको शुभ इच्छा व्यक्त गर्दछौं ।

तारागण र बादल अपरिमित, विशाल
र अनन्त छन् ।
पाँचैवटा महादेशहरू र विश्वमा
चहकिला प्रकाश छरिरहेका छन् ।
तिमीले अलविदा भन्दै
शुभ विदाई माग्यौ ।
पर टाढा क्षितिज पारि,
तिमी अर्को किनारमा पुग्यौ ।
फर्क छिटो फर्क
विश्व कल्याणको लागि
तिमी छिटो फर्क ।



# कर्म र कर्मफलमा विश्वास हुनु नै वास्तविक धर्म

✍ शिशिल चित्रकार

समाजको परीचय भन्न व्यक्तिहरूको कर्महरूको संगालो भएको, समाज राम्रो व नराम्रो भन्नुको तात्पर्य व्यक्तिहरूको कर्म राम्रो वा नराम्रो भएको हो भन्न सकिन्छ। भगवान् बुद्धले बुद्धत्व प्राप्त पश्चात् ४५ वर्षसम्म गाउँ, नगर प्रदेशहरू चारिका गरी व्यक्तिहरूको कुशल कर्म तथा त्यसको फल बताउनु भई, समाजमा जनताहरूको दुःख हटाउन विभिन्न उपदेशहरूको माध्यमबाट महान समाज सेवा गरेर जानुभयो। राजपाट त्यागगरी कठिन मध्यम मार्गी भई चारआर्य सत्य पत्ता लगाउनु भइ सोको प्रचार-प्रसारको लागि आफ्नो बाँकी जीवन समर्पित हुनुभयो। कपिलवस्तु राज्य सानो भएर वा लडाई झगडा वा राज्यको जिम्माबाट विमुख भएको नभई सम्पूर्ण दुःखको कारण पत्ता लगाउने उद्देश्यबाट नै हो। त्यसो होइन भने मगध सम्राट बिम्बिसारले राजपाट सम्हाल्न आग्रह गरेकोलाई पनि अश्विकार गर्न हुन्थेन होला।

आज समाजको यावत क्षेत्रमा देखा परेको विसंगति विकृतिलाई मध्यनजर गर्दा व्यक्ति समाजमा कर्म र कर्मफलको शिक्षाबाट विमुख भएको नै मूल कारण मान्न सकिन्छ। भगवान् बुद्धका हेतु प्रत्यय शिद्धान्तका वाक्य "यसो भएमा त्यस्तो हुन्छ, त्यस्तो नभएमा यस्तो हुँदैनन्" भन्ने भनाई पनि संस्मरण गर्दा पनि समाज राम्रो वा नराम्रो हुनमा व्यक्तिहरूको कर्मले नै भएका मान्न सकिन्छ। यस सन्दर्भमा संयुक्त निकायमा यसरी उल्लेख गरिएको छ।

**यादिसं वपते बीजं, तादिसं हरते फलं।**
**कल्णयकारी कल्याणं, पापकारी च पापकं॥**

अर्थ– जस्तो बीउ रोप्यो त्यस्तै फल पाउँछ। कल्याणकारीले कल्याण, पापकारीले पाप भोग गर्दछ। (साभारः अनु. दुण्डबहादुर बज्राचार्य, संयुक्त निकाय, ललितपुर, वीर पूर्ण पुस्तक संग्रहालय, वि.सं. २०५५, पृ. २५७)

भगवान् बुद्धले दिनुभएका विभिन्न उपदेश आदिहरूमा अहिलेको समाजमा सिंगालोवाद सूत्र पनि निकै महत्वपूर्ण देखिन्छ। यसमा सिगाल भन्ने उपासकलाई भगवान् बुद्धले उपदेश दिनु भएको यस सूत्रमा सही र गलत मित्रको पहिचान, आफ्नो सम्पत्तिको चार भाग गर्नुपर्ने, आमा-बुबाको छोरा-छोरी प्रति छोरा-छोरीको आमा-बुबा प्रति, गुरुको शिष्य प्रति, शिष्यको गुरु प्रति, मालिकको नोकर र नोकरको मालिक प्रति, श्रीमान् र श्रीमतीको एक आपसले गर्नुपर्ने कर्तव्य बताएका छन्। यसैगरी पाँच बली (हिंसा होइन) दिने वा पालन गर्नु पनि व्यक्तिको कर्तव्य हो। यो पाँच बली निम्नानुसार छन्।

१) ज्ञाति बलि : सम्वन्धिहरूको हित र सत्कार गर्नु।
२) अतिथि बलि : अतिथि सत्कार गर्नु।
३) पूर्व प्रेत बलि : दिवंगतहरूलाई पूण्य अर्पण गर्नु।
४) राज बलि : राजश्व तिर्नु।
५) देव बलि : अहिंसा पूर्वक देव पूजा गर्ने।

अन्य विभिन्न कुराहरू बताएझैं पाँच प्रकारको सम्पत्तिहरू बताइएको छ ती हुन्।

१) नाता कुटुम्ब २) भोग सम्पत्ति (धन सम्पत्ति) ३) स्वास्थ्य ४) चरित्र ५) सम्यक दृष्टि।

यसरी सिगालोवाद सूत्रमा वर्णित गृहस्थीहरूको कर्तव्य, जिम्मेवारी समाज सेवाको उत्कृष्ट नमूनाहरूको रूपमा लिन सकिन्छ। यी कर्तव्यहरूमा पारगंत स्वच्छ समाज निर्माण हुने स्वतः सिद्ध हुन्छ।

विभिन्न कर्तव्यहरूमा सम्पत्तिको चार भाग लगाउनु, दान दिनु, परोपकारी काम गर्नु आदि पनि समाज सेवालाई थप बल मिल्ने आधार नै हुन्। यदि सम्पत्तिको सही प्रयोग नभई सम्पत्ति थुपार्ने होडबाजीमा मात्र लागेमा व्यक्तिहरूको लोभजन्य कृयाकलापबाट द्वन्द, द्वेष अभिवृद्धि भई व्यक्तिहरू बीच कलह, समाजमा अशान्ति बढ्न जाने माध्यम पनि हुन जान्छ। यसै क्रममा व्यक्तिहरूले कर्म

र कर्मफलमा विश्वासमा थप मद्धत पुऱ्याउन भगवान् बुद्धले दश पुण्यक्रियाबारे बताउनु भयो । यो दश पुण्यक्रिया यस प्रकारका छन् ।

दश पुण्यक्रिया –

१) दान : आफूसंग भएको चीज वस्तु अरूको हितको निम्ति दिनु वा त्याग गर्नु ।
२) सील : शरीर र वचनलाई संयमित गर्ने अभ्यास वा सदाचार ।
३) भावना : चित्तलाई शुद्ध र निर्मल हुनेगरी अभ्यास गर्नु ।
४) अपचायन : आफूभन्दा जेष्ठहरूको आदर गर्नु ।
५) वेय्यावच्च : सेवा गर्नु, आफन्तहरूलाई मद्दत गर्नु ।
६) पत्तिदान : आफूले गरेको कुशल कर्मको भाग वा पुण्य अरूलाई बाँड्नु ।
७) पत्तानुमोदन : अरूले गरेको पुण्य वा राम्रो काममा प्रसन्न भई साधु अनुमोदन गर्नु ।
८) धम्मसवन : धर्म उपदेश सुन्नु ।
९) धम्मदेसना : धर्म उपदेश दिनु वा बताउनु ।
१०) दिट्ठिजुकम्म : ठीक धारण वा यथार्थ दृष्टि राखी कर्म र कर्मफलमा विश्वास गर्नु ।

यसरी यो दश पुण्य क्रियामा पनि अन्तिम (१० औं) मा **ठीक ठीक धारण वा यथार्थ दृष्टि राखी कर्म र कर्म फलमा विश्वास गर्नु**लाई जोड दिएको पाउन सक्छौं । यसको लागि नै अरू कार्यहरूको (कुशल कार्य) आवश्यकता भएको हो । आज समाजमा यो कर्म र कर्मफल प्रति विश्वास, ठीक धारणा र यथार्थ दृष्टि राख्न सक्ने जनमत तयार पार्न, सही शिक्षाको जरुरी भएको छ ।

यस सन्दर्भमा धम्मपदमा (३०६) उल्लेख्य निम्न गाथा पुनःस्मरण गर्नु उपयुक्त हुन्छ ।

**अभूतवादी निरयं उपेति, यो चापि कत्वा न करोमी'ति चाह**
**उभो'पि ते पेच्च समा भवन्ति, निहीनकम्मा मनुजा परत्थ ॥**

अर्थ– असत्यवादी नर्कमा जान्छ, गरेर पनि गरेको छैन भन्ने पनि नर्कमा जान्छ, यी दुबै प्रकारका नीच कार्य गर्ने मानिसहरू मृत्युपछि समान हुन्छ ।

समाजका राम्रो र व्यक्ति स्वयंको भलाईको लागि कर्म र कर्मफल प्रति विश्वास भई तद्अनुरूपको कुशल कर्मप्रति उद्यत जनमत तयार गर्न नै समाजको विकासको लागि पूर्वाधार भएको देखिन्छ । यस अर्थमा पनि कर्म र कर्मफलमा विश्वास हुनु नै वास्तविक धर्म हो भनी मान्न सकिन्छ । सबैको मङ्गल होस् !



*पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु*
*पुण्य (कुशल कर्म) गर्दै जानु ।*
*आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥*
*यही नै बुद्धको उपदेश हो ।*

**बिश्व मोटर ट्रेडर्स**
**ख–२, ४०८, पुतलिसडक**
**काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१–४२३८१४७**
**९८५१०५११३१, ९८५१०५११४७**
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

# क्षमा याचना विधि

प्रस्तुती- **प्रकाश सायमी**
*सामाखुसी, काठमाडौं*



*धर्मकीर्ति विहारमा विपश्यना ध्यान सिकाउनु हुँदै ध्यानगुरु दो पञ्ञाचारी गुरुमांसंगै धम्मवती गुरुमां*

बर्माबाट पाल्नुभएका श्रद्धेय दो पञ्ञाचारी गुरुमां (मोलमिन स्थित खेमाराम विहार प्रमुख) बाट विपश्यना ध्यान गर्नु अगाडि आफ्नो मनले क्षमा याचना गर्नु पर्ने विधि सिकाउनु भएको यियो । उक्त विधिलाई पालन गरेपछि मन भित्र रहेका कमी कमजोरी, लुकिरहेका दुषित भावनाहलाई आफूले सक्दो निकाल्दै फाल्न सकिने हुँदा मन हलुको र निर्दोष पार्न सकिने रहेछ । उक्त निर्दोष र हलको मनले ध्यान भावना गर्न सकेमा यस मन अझ एकाग्र पार्न टेवा पुगिने देखिन्छ । त्यसैले आऔं हामी सबैले विपश्यना ध्यान गर्न अगावै भित्री मन देखि यस विधिलाई अपनाउँदै मन स्वच्छ पारौं । त्यसपछि विपश्यना ध्यान गरौं ।

१) बुद्धो मे सिसे तिट्ठतु निच्चं
धम्मो मे सिसे तिट्ठतु निच्चं
संघो मे सिसे तिट्ठतु निच्चं

२) बुद्ध गुणो अनन्तो,
धम्म गुणो अनन्तो
संघ गुणो अनन्तो
माता पितु गुणो अनन्तो
आचरिया गुणो अनन्तो
इमे पञ्च महागुणे अहं वन्दामि सब्बदा ।

अर्थ–

१) मेरो यस शरीर जुन अनित्य छ,
यसलाई म बुद्ध प्रति अर्पण गर्दछु ।
धर्म प्रति अर्पण गर्दछु ।
संघप्रति अर्पण गर्दछु ।

२) भगवान् बुद्धका गुणहरू अनन्त छन् –
उहाँले बताउनुभएका ज्ञान (धर्म गुणहरू) अनन्त छन् ।

भगवान् बुद्धले बताउनु भएका ज्ञान अनुसार आचरण गर्नुभएका ज्ञान अनुसार आफ्नो शरीर, वचन र मनलाई ज्ञानी, सभ्य र निर्दोष पार्नु भएका संघले आफू सभ्य र निर्दोष भए जस्तै अरूलाई पनि यी अमूल्य ज्ञानहरू (आफूले सक्दो) सिकाउनु हुन्छ । उहाँ संघका गुणहरू अनन्त छन् ।

हामीलाई जन्म दिई हुकाई ५ प्रकारले ऋण दिनु भएका आमा-बुबाका गुणहरू अनन्त छन् ।

हामीले थाहा नपाएका ज्ञान गुणका शिक्षाहरू सिकाई हामीलाई शिक्षित बनाउनु भएका आचार्य गुरुहरूको गुण अनन्त छन् ।

यी पाँच व्यक्तिहरूको महागुणहरूलाई सधैं म वन्दना गर्दछु ।

म यस संसारको जन्म, मरण चक्रमा घुम्दै जन्म

र मरण हुँदै आइरहेको छु । उक्त समय देखि अपराध गर्न नमिल्ने व्यक्तित्वहरू भगवान् बुद्ध, धर्म, संघ, आमा बुबा र आफूभन्दा जेष्ठ, ध्यान लाभी व्यक्तिहरू, आर्य व्यक्तिहरू आदिलाई मेरो तर्फबाट केही गरी कायद्वारबाट (शरीरबाट), वचिद्वारबाट (वचनबाट) र मनोद्वारबाट (मनबाट) कुनै मनोद्वार (मनबाट) अपराध गरेका छन् भने पनि मैले सहँदै उनीहरूलाई क्षमा गरिदिएको छु ।

संसार वट्ट दुक्खतो मोचनत्थाय निब्बानस्स सच्छि करणत्थाय मं भन्ते अनुकम्पं उपादाय विपस्सना कम्मट्ठानं देहि ।



*ध्यान बसिरहनु भएका गुरुमांहरू र उपासक उपासिकाहरू*

पनि अपराध हुन गएको छ भने मलाई कृपा राखी क्षमा गरि दिनु होला ।

अन्य कुनै पनि व्यक्तिहरूले अज्ञानतावस मलाई उनीहरूको कायद्वार (शरीरबाट), वचिद्वार (वचनबाट),

अर्थ– जन्म मरण चक्रबाट मुक्ति प्राप्त गर्नका लागि, निर्वाण प्राप्त गर्नका लागि भन्ते अनुकम्पा राख्नु हुँदै मलाई विपश्यना कर्मस्थान ध्यान सिकाइदिनु होला । ■

## ध्यानकेन्द्र निर्माणको लागि जग्गा दान

*२०७९ माघ २१ गते*
*स्थान- भक्तपुर, चांगुनारायण नगरपालिका*

भक्तपुर जिल्ला चांगुनारायण नगर पालिका वडा नं. ४ वाङ्गल स्थित क्षेत्रफल ०-१५-०-३ (सुन्य पन्ध्रआना सुन्य तीन दाम) जग्गा ध्यान केन्द्र निर्माणार्थ भिक्षु महासंघको उपस्थितिमा जग्गा दाताहरू भरत बहादुर घले र नानी मैंया गुरुङ्ग घले सपरिवार सहितले भिक्षु संघलाई दान दिएको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार उक्त जग्गामा निर्माण गरिने ध्यानकेन्द्रलाई सद्धम्म ज्योती बुद्ध विहार नामाकरण गरिएको छ ।

धार्मिक विधिपूर्वक भूमिशुद्धिकरण गरी भिक्षु बोधिज्ञान महास्थविरबाट पञ्चशील प्रार्थना गराउनु भएको उक्त कार्यक्रममा उपासक भरतबहादुर घले तथा नानीमैंया गुरुङ्ग घलेले कि.नं. ७८३ को क्षेत्रफल ०-१०-१-३, कि.नं. ७८५ को क्षेत्रफल ०-०-३-०, कि.नं. ७८४ को क्षेत्रफल ०-०-१-३ जग्गाको लालपूर्जा सद्धम्मजोति विहारको नाममा लालपूर्जा बनाई विहार निर्माण समितिका अध्यक्ष एवं विहारका प्रमुख भिक्षु तिस्स स्थविरलाई हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा भिक्षु कौण्डञ्ञ महास्थविर, कम्मठानाचार्य भिक्षु प्रज्ञाश्री महास्थविर, भिक्षु तिस्स स्थविर, संघिय सांसद रामहरी खतिवडा, मेयर जीवन खत्री लगायत वडा अध्यक्ष राजबहादुर तामाङ्ग र उपासकोपासिकाहरूको उपस्थिति रहेको थियो । ■

# सिद्धान्त र दर्शनको कुरामा भन्दा पनि ब्यवहारमा जोडदिने अश्वघोष भन्ते - एक संस्मरण

✍ डि. आर शाक्य 'ऋषि' ख्वप

ललितपुर जिल्ला ओकुबहालका चन्द्रज्योति शाक्य र लक्ष्मीमाया शाक्यको कोखबाट जन्मनुभएका बुद्धरत्न शाक्य १६ वर्षको लक्का: जवान अवस्थामा बुद्ध शासनको लागि प्रव्रजितत्त्व ग्रहण गर्नु भयो । हुनत उहाँ प्रव्रजित हुनु अगावै सानै उमेरमा नै विवाह भएको थियो । तर उहाँले आफ्नो नव दाम्पत्य जीवनको सुखानुभूति र आमा बाबुको न्यानो प्रेम समेत अधुरो नै राख्दै सन् १९४४ मा भारतको कुशीनगर जहाँ महामानव बुद्धको महापरिनिर्वाण भएको संवेजनीय स्थलमा गुरू ऊ. चन्द्रमणि महास्थविरको उपाध्यायत्त्व बुद्धशासनका लागि दुर्लभ प्रव्रज्यात्त्व ग्रहण गर्नु भयो । त्यसबेला देखि नै भिक्षु अश्वघोष नेपालको बुद्ध शासनिय क्षेत्रमा नयाँ आयामहरू बोकेर सशक्त एवं जुझारू धर्म कथिक एवम् सरल ब्यवहारिक भिक्षुको रूपमा पदार्पण हुनु भयो । उहाँ भन्ते अश्वघोष आचार्य भिक्षु अमृतानन्द महास्थविरको प्रथम शिष्य पनि हुनुहुन्थ्यो । अतएव भिक्षु अश्वघोष महास्थविरज्यू बुद्ध शासनको एउटा उदीयमान तारा एवं भिक्षु महासंघका छैठौं संघनायकसम्म हुनुभयो ।

यसरी भन्नु पर्दाखेरी श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको जीवनयात्रामा आफ्नो जीवनको ९२ वर्ष पारगर्दै ९३ वर्ष पुग्दै र बुद्ध शासनको लागि ७ दशक भन्दा वढि धर्मयात्रा पूर्ण गरी बुद्ध दर्शनको मुल सिद्धान्त अनुसार अनित्य दु:ख र अनात्म जस्तो एउटा प्रकृतिको नियमले नै उहाँ भन्तेज्यूले २०७५ चैत्र २२ गतेका दिन सदाको लागि भौतिक देह त्याग गर्नु भई उहाँको शरीर चर्तुमहाभूत मै विलिन भयो अर्थात् दिवंगत हुनु भयो ।

अब यसरी उहाँ पूज्यपाद दिवंगत श्रद्धेय् भिक्षु अश्वघोष महास्थविरज्यूको ब्यक्तित्त्व एवं कृतित्व विगतको इतिहासलाई संस्मरण गर्दा खेरी "चिरं तिट्ठतु सद्धम्मो लोको होतु सुखी सदा "लोकजनको जीवन सुखीको लागि तथागतको विशुद्ध मानव धर्मको रक्षा वा चिरस्थायी गर्न भन्ते अश्वघोष त्यागी जीवनको अविरल यात्रामा लागीपरेको कुरा कसरी विर्सन सक्छ र ? त्यस्को लागि मेरो दुई शब्दको साधुवादले मात्र पर्याप्त छैन । दिवंगत अश्वघोष भन्तेज्यूको लागि उहाँले जगेर्ना गरिराखेका आधारभूत बुद्धशिक्षा मानवीय समाजमा फैलाउनु र असल मानिस बनाउनु हो । तर यहाँनिर हाम्रो समाजले मान्दै आएको धर्म र शिक्षाले त्यति मात्रामा असल ज्ञानी मानिसहरू उत्पादन हुन नसकेकोले भन्ते अश्वघोष चिन्तित हुने गर्थ्यो । त्यसैकारण उहाँको सदिच्छा पूरा गर्न सकेमा साँच्चैकै भिक्षु अश्वघोषलाई श्रद्धा गरेको हुन्छ वा चिनेको हुन्छ । आज उहाँ भन्ते दिवंगत हुनु भएकोले उहाँलाई शान्ति एवं निर्वाण लाभको कामना मात्र गर्न सके पनि धन्य ठान्छु ।

तर किन हो मनमा कता कता प्रश्न पनि उब्जिने गर्छ कसरी



बुद्धरत्नबाट अश्वघोष हुन गयो ? मलाई त्यति मात्र थाहा छ कि संस्कृत भाषामा अश्वको अर्थ घोडा हो भने घोषको अर्थ आवाज हो अर्थात् घोडाको आवाज नै 'अश्वघोष' हो । सामान्य रूपले बुझ्दा खेरी भिक्षु अश्वघोषको आवाज घोडाको आवाज जस्तो छ भन्ने अर्थ लगाउन सक्छ । वास्तवमा त्यो अर्थ विलकुल नै होइन । यद्यपि त्यसमा पनि एउटा बौद्ध भिक्षु जीवनसगै अश्वघोष नामसंग के सम्बन्ध रहयो र ? शब्द जे जस्तो भए पनि अश्वघोषको विषयमा मैले यसरी बुझेको कुरा सही जस्तो लाग्छ । जसरी घोडाको आवाज र घोडाको गति तेज छ त्यस्तै भन्तेज्यूको धर्मको प्रचार पनि त्यस्तै ठानेको छु र जन-जनमा धर्म फैलियोस् भन्ने अर्थ बुझेको छु त्यसैगरी उहाँ भन्तेज्यूको गृहस्थ नाम 'बुद्धरत्न' भएपछि



*धनकुटामा धर्मप्रचारको सिलसिलामा भिक्षु अश्वघोष, धम्मवती गुरुमां एवं दो गुणवती गुरुमां कार्यक्रम सञ्चालन गर्नुहुँदै - बरदेश मानन्धर*

